चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
०८८-४०११४६,९८५७८२६१११
ito.chaurjaharimun@gmail.com

# सहकारी संस्थाका ऋणी सदस्यहरूले लिएको ऋण रकम चुक्ता गर्ने बारेको सूचना।

(सूचना प्रकाशित मितिः २०८०/१२/२५)

सहकारी संस्थाबाट सदस्यहरुको बचत रकम नै कर्जाको रुपमा प्रवाह हुने र ऋणी सदस्यहरूले समयमा नै आफूले भुक्तान गर्नुपर्ने सावाँ तथा व्याज विभिन्न बहानाबाजी एवं केही पक्षको सहकारी संस्थाको ऋण तिर्नु नपर्ने भन्ने जस्ता भ्रामक र गैरजिम्मेवारीपूर्ण अभिव्यक्तिको आधारमा ऋण चुक्ता नगर्ने परिपाटीले सदस्यहरुको बचत फिर्ता गर्न असहज परिस्थिति सृजना भएको भन्ने गुनासो प्राप्त भएको छ। सहकारी संस्थाहरूबाट ऋण लिएका ऋणीहरूले तोकिएको समय भित्र ऋणको साँवा तथा व्याज चुक्ता नगर्दा सदस्यहरुको बचत फिर्ता गर्न नसकेको समेत पाईएको छ। तसर्थ ऋणी सदस्यले समयमा नै ऋण भुक्तान नगरे सहकारी संस्थाको ऋण असुली सम्बन्धमा चौरजहारी नगरपालिकाको सहकारी ऐन २०७४, को दफा ६१ र ६२ बमोजिम ऋणी सदस्यहरुको खाता, जायजेथाको स्वामित्व हस्तान्तरण, नामसारी वा बिक्री गर्न नपाउने गरी रोक्का राख्न सम्बन्धित निकायमा लेखी पठाउन सकिने व्यवस्था समेत रहेको हुँदा प्रचलित सहकारी ऐन, नियमावली, निर्देशिका एवं मापदण्डको बर्खिलाप नहुने गरी जुन सम्झौता वा सर्त बमोजिम ऋण लिएको हो सोहि बमोजिम ऋणको साँवा र व्याज सम्बन्धित सहकारी संस्थामा समयमा नै भुक्तान गरी सहकारीमा देखिएको समस्या समाधान गर्न सहयोग गरीदिनुहुन सम्पूर्ण ऋणी सदस्यहरुमा अनुरोध गरिन्छ।

२०८०/१२/२५

.................................

शेरप्रसाद ढकाल

नि. प्रमुख प्रशासकीय अधिकृत

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत